मिति : २०८०/०५/२९, कापा बैठक संख्याः७-०८०/८१

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१. आर्थिक सहायता सम्बन्धमा,

२. गाउँपालिकाको बजार अनुगमन सम्बन्धमा,

३. विगत बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा ।

**निर्णयहरु**

**१. आर्थिक सहायता सम्बन्धमा,**

क. कञ्चन गाउँपालिका वडा नं. ५ स्थित श्री गौतम बुद्ध सामुदायिक विकास केन्द्रले हरितालिका तिजको अवसरमा तिज विशेष साँस्कृतिक कार्यक्रम तथा फुटबल प्रतियोगिता सञ्चालनका लागि प्रस्ताव पेश गरेकोमा उक्त कार्यक्रम लागि गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी (खर्च शीर्षक २७१११ सि.नं. १५७) शीर्षकबाट लागत साझेदारीमा गाउँपालिकाले रू.५०,०००/- बेहोर्ने गरी उक्त प्रतियोगिता सञ्चालन गर्न गौतम बुद्ध सामुदायिक विकास केन्द्रले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने।

ख. कञ्चन गाउँपालिकास्थित श्री नेवाः देय दबू कञ्चन गाउँपालिका रूद्रपुर रूपन्देहीले गाउँपालिकामा रहेका नेवार समुदायहरूको भाषा संरक्षणका लागि भाषा सिकाई तालिम आयोजनाका लागि आर्थिक सहायता प्रस्ताव पेश गरेकोमा गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको धार्मिक तथा सांस्कृतिक संस्था सहायकता (खर्च शीर्षक २५३१४ सि.नं. १४६) शीर्षकबाट लागत साझेदारीमा गाउँपालिकाले रू.५०,०००/- खर्च बेहोर्ने गरी उक्त तालिम सञ्चालन गर्न नेवाःदेय दबू कञ्चन गाउँपालिका रूद्रपुरले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने ।

**२. गाउँपालिकाको बजार अनुगमन सम्वन्धमा**

कञ्चन गाउँपालिका अनुगमन समितिद्वारा कञ्चन गाउँपालिका वडा नं १, २ र ५ मा गरिएको बजार अनुमन प्रभावकारी भएको र गाउँपालिकाका सम्पूर्ण स्थानका बजार तथा व्यवसायहरूको आगामी दिनमा थप प्रभावकारीरूपमा अनुमन गर्ने ।

**३. विगत बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,**

यस गाउँपालिकाका गाउँ कार्यपालिकाका यस अघि भएका बैठकबाट भएको निर्णयहरूको समीक्षा भयो ।